# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल


प.सं.: ०७९/०८०/क.प्र.
च.नं.:

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः- २०७९/०४/०४)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरबार काठमाडौको मिति २०७९/०३/२५ गते गोरखापत्रमा प्रकाशित रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना बमोजिम यस तिलोत्तमा नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि रोजगार सहायक १ (एक) पद खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

(ग) आधारभूत कम्प्यूटर सीप सम्वन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

**२. दरखास्त दिने स्थानः-** तिलोत्तमा नगरपालिकाको कार्यालय, मणिग्राम रुपन्देही।

**३. दरखास्त दिने अन्तिम मितिः-** २०७९/०४/१८ गते सम्म।

**४. आवेदन दस्तुरः-** रु. ५००/- (यस कार्यालयको NIC ASIA BANK LTD. मणिग्राम शाखामा रहेको बैंक खाता नं. **१०५२०५५४९९५९९०१२** मा रकम जम्मा गरी भौचर संलग्न गर्नुपर्नेछ।)

**५. छनौटको किसिमः-** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा।

**६. आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयंमले प्रमाणित गरेको नागरिकता, न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, कम्प्युटर सीप तालिमको प्रमाणपत्र, अनुभव खुल्ने कागजतहरुको प्रतिलिपि, २ प्रति पासपोर्ट आकारको फोटो।

**७. सेवा सुविधाः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

**९. परिक्षा मितिः** पछि तोकिने छ।

८९/४/४
प्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**नोटः** दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारी कार्यालयको वेभसाईट www.tilottamamun.gov.np तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।



Scanned with CamScanner

अनुसूची -६

(दफा ७(२) सँग सम्बन्धित)

रोजगार सहायकको पाठ्यक्रम

**(क) सेवा सम्बन्धी**

खण्ड-१:- प्रशासनिक कार्य सम्बन्धी **पूर्णाङ्क-५०** **समयः १ घण्टा**

१. नेपालको संविधानको भाग-५ मौलिक हक सम्बन्धी व्यवस्था

२. नेपालको संविधानको अनुसूची-५, ६, ७, ८ र ९

३. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

६. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण तथा गुनासो व्यवस्थापन

७. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा गुनासो व्यवस्थापन

८. आचरण तथा अनुशासन

९. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु

१०. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जनाका र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास र चुनौतीहरु

११. रोजगारी सिर्जनामा सरकार, निजीक्षेत्र, गैर सरकारी संस्था, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरु बीचको सहकार्य, साझेदारी र समन्वय

१२. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रकृया



Scanned with CamScanner

१३. स्थानीय विकास तथा सेवा प्रवाह प्रकृयामा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व

**(ख) कम्प्युटर सम्बन्धी प्रयोगात्मक परीक्षा** **पूर्णाङ्क-५०** **समयः ३० मिनेट**

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Power Point Presentation system
7. Internet Browsing & Website Management.



Scanned with CamScanner